राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

राष्ट्रिय मानव अधिकार आयोग
नेपाल

# प्रेस नोट

२०७६ मंसिर २२

## आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश

राष्ट्रिय मानव अधिकार आयोगले आयोगको आ.व. २०७५-२०७६ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष आज पेश गरेको छ । संविधानको धारा २९४ (१) बमोजिम आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले उक्त प्रतिवेदन पेश गर्नुभएको हो ।

प्रतिवेदन बुझ्ने क्रममा सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीले मानव अधिकारको सम्मान र संरक्षण गर्ने प्रमुख जिम्मेवारी सरकारको रहेको बताउँदै द्वन्दको घाउ निको हुन केही समय लाग्न सक्ने विचार व्यक्त गर्नुभयो । साथै, व्यवस्थापिका संसदमा दर्ता भएको राष्ट्रिय मानव अधिकार आयोगको संशोधन विधेयक सम्बन्धमा आयोगले आवश्यक सुझाव दिनुपर्ने बताउनुयो । सो क्रममा आयोगको प्रतिवेदन प्रधानमन्त्री कार्यालयमार्फत् व्यवस्थापिका संसदमा पेश गरिने जानकारी गराउनुभयो ।

प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, निर्देशकहरु, उपनिर्देशकहरु लगायत आयोगका कर्मचारीहरुको उपस्थिति थियो । सो अवसरमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले व्यक्त गर्नुभएको मन्तव्य यसैसाथ संलग्न गरिएको छ ।

८।२२

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org